अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

**मिति: २०८१।१०।११ गते, समय: १:०० वजे दिनको , बैठक संख्या: ९**

**कार्यपालिकाको वैठकका निर्णयहरु**

**प्रस्ताव नं. १:** अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं. २:** योजना सिफारिस गर्ने सम्बन्धमा।

**निर्णय:** यस नगरपालिका अत्यावस्यक रहेका देहायका योजनाहरुको DPR तयार भइ सकेकाले नगरापलिकाले लागत सहभागिता गर्नु पर्ने १० प्रतिशतले हुन आउने रकम नगरपालिकाले बेर्होने गरि बजेट व्यवस्थाकालागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत श्री भारतिय राजदुतावासमा सिफारिस गर्ने।

क. दमडा छचोडा कोटकांडे खानेपानी तथा सरसफाई योजना,अमरगढी नगरपालिका वडा नं ६ डडेल्धुरा।

ख. अनारबे खानेपानी तथा सरसफाई योजना, अमरगढी नगरपालिका वडा नं २,४,५ र ८ डडेल्धुरा।

**प्रस्ताव नं. ३:** बागबजारमा रहेको सामुदायि सेवा केन्द्र (सामुदायिक प्रहरी) को व्यवस्थापन सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाको वडा नं ५ को बागबजारमा रहेको सामुदायिक सेवा केन्द्र (सामुदायिक प्रहरी) र राधाकृष्ण मन्दिरलाई उचित ठाउंमा व्वयस्थापन गर्ने र उक्त स्थान खालि गरि निमार्ण कार्यमा सहजता प्रदान गर्ने।

**प्रस्ताव नं. ४:** वडा नं २ को गत वर्षको भुक्तानी।

**निर्णय:** वडा नं २ को गत आवको बजेट कार्यक्रममा रहेको भैरवको मूर्ती निर्माणको कार्य गत आवमा भुक्तानी हुन नसकेकाले सम्बन्धित वडाको सिलिगं र कार्यालयको मिल्दो शिर्षकबाट प्राविधिक विल अनुसार भुक्तानी गर्ने।

**प्रस्ताव नं. ५:** श्रहलिंग स्वास्थ्य चौकीको मर्मत सम्बन्धमा।

**निर्णय:** यस नगरपालिका वडा नं १० मा रहेको श्रहलिंग स्वास्थ्य चौकीको छाना मर्मत गर्न पर्ने भएकाले प्राविधिको लइ अनुसार नपुग रकम मर्मत संभार कोषबाट मर्मत गर्ने।

**प्रस्ताव नं. ६:** वडा कार्यालयको भवन निर्माण कार्यकोलागि जग्गा सम्बन्धमा।

**निर्णय:** यस नगरपालिका वडा नं ४ को वडा कार्यालय भवन निर्माण गर्न वडा नं ४ मा रहेको देउचडा सामुदायिक बन क्षेत्रको ऐसेलुघारी क्षेत्रमा रहेको खालि जग्गा नेपाल सरकारको नाममा ल्याई वडा कार्यालय भवन निमार्ण प्रयोजन हुने गरि गर्न श्री मालपोत कार्यालय डडेल्धुरालाई अनुरोध गर्ने।

२०८१।१०।११

मुख प्रशासकीय अधिकृत